गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश नेपाल

प.सं. :- २०७८/०७९

मिति :- २०७८/०५/..

प्रथम पटक सूचना प्रकाशन मिति २०७८/०५/२१

## औषधी तथा सर्जिकल्स सामग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना

दरभाउ-पत्र नं. ०१/२०७८/०७९

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी तथा सर्जिकल्स सामग्री खरिद गर्न दरभाउ-पत्र आह्वानको सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था, आधिकारीक बिक्रेता वा कम्पनीले शिलबन्दी दरभाउ-पत्र पेश गर्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

१. धादिङ आवाज दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७८/०६/४ गते) भित्र कार्यालय समयमा रू. १०००।- (अक्षेरुपी एक हजार पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाई वा यस कार्यालयको गजुरी स्थित रा.बा.बैक खाता नम्बर १०५०१००३०१०१०००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर बुझाई कार्यालय समयभित्र दरभाउ-पत्र खरिद गर्न सक्नेछन् । दरभाउ-पत्र खरिद गर्नको लागि निवेदकले नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र र २०७६/०७७ को कर चुक्ता गरेको प्रमाणको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु १०।- को टिकट टाँसी निवेदन साथ पेश गर्नुपर्नेछ ।

२. पत्रिकामा सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७८/०६/५ गते) को १२:०० बजे भित्र दरभाउ-पत्र रीत पूर्वक भरी यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएको दरभाउ-पत्रहरू सोही दिनको २:०० बजे दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। दरभाउ-पत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि सिलवन्दी दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन । दरभाउ-पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो सम्बन्धि कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३ सिलवन्दी दरभाउ-पत्र दर्ता गर्दा जमानत वापतको रकम गजुरी गांउपालिकाको राष्ट्रिय बाणिज्य बैंक गजुरीमा रहेको धरौटी खाता नं.१०५०१००३०३०००००२मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ४५ दिन म्याद भएको (दरभाउ-पत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउ-पत्र साथ पेश गर्नुपर्नेछ। दरभाउ-पत्रदाताको दरभाउ-पत्र स्वीकृत भएपछि स्वीकृत अंकको २.५% वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको पर्फरमेन्स वण्ड पेश गर्नु पर्नेछ ।

४.दरभाउ-पत्रदाताले कबुल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । दरभाउ-पत्र फाराममा केरमेट भएको ठाउँमा सहीछाप नगरेको पाइएमा मान्यता दिईने छैन ।

५. दरभाउ-पत्रदाताले आफुले खरिद गरेको दरभाउ-पत्र शिलवन्दी गरी दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको दरभाउ-पत्रलाई मान्यता दिईने छैन । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउ-पत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै दरभाउ-पत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन । रीत नपुगेको दरभाउ-पत्र उपर कुनै कारवाही गरिने छैन ।

६.दरभाउ-पत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधि भित्र औषधी तथा सर्जिकल्स सामग्री बुझाउनु पर्नेछ र केही अंश अथवा सम्पुर्ण सामग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम कारवाही हुनेछ। सम्पुर्ण करहरु दरभाउ-पत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

७. सप्लाई हुने औषधि WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने र प्रत्येक प्याकेटको बाहिर उत्पादन मिति, म्याद समाप्त मिति र ब्याच नम्बर स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ । साथै सप्लाई गरिने औषधीको म्यादको सम्बन्धमा उक्त औषधीको Manufacturing date बाट Expiry date कम्तीमा १८ महिना बाँकी हुँदा स्टोर दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु कुनै पनि हालतमा बुझिलिईने छैन । तर कुनै औषधीको जम्मा expiry date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा expiry date को ७५% म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।

८. मुल्य अभिवृद्धि कर लाग्ने आइटमको दररेट उल्लेख गर्दा "मुल्य अभिवृद्धि कर बाहेकको" उल्लेख गर्नु पर्नेछ ।
९. दरभाउ-पत्र फाराम साथ आफुले Supply गर्ने औषधी तथा सर्जिकल्स सामग्रीको नमुना अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
१०. दरभाउ-पत्र स्विकृत गर्दा प्याकेजको रुपमा स्विकृत नगरी आइटमवाइज स्विकृत गरिनेछ ।
११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन २०७३) र सार्वजनिक खरिद नियमावली, २०६४ (पाँचौ संसोधन २०७३) तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।
१२. दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१३. दरभाउ-पत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

| क.सं. | सूचना नं./प्याकेज | कार्य विवरण | दरखास्त दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १. | ०१-०७८/०७९ | औषधी तथा सर्जिकल्स सामग्री खरिद | १,०००।- | ४०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत

राजन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत